ネパール語（NP）


# संकटकालका नीतिहरूको कार्यान्वयनबारे

2021 साल अगस्ट 17 तारिख (मंगलबार) जारी

अगस्ट 17 तारिख (मंगलबार) को मितिमा जापान सरकारले यस जिल्लालाई संकटकालका नीतिहरू कार्यान्वयन गर्नुपर्ने क्षेत्रमा समावेश गरेको छ। यो जानकारी प्राप्त भएपछि, नीतिहरूको विवरण तोकिएको हुनाले यी विवरणबारे जानकारी गराउन चाहन्छौं।




**【सम्पूर्ण जिल्लावासीलाई अनुरोध】**



ネパール語（NP）

# अनावश्यक तथा तत्काल नगरे पनि हुने कामको लागि फुकुओका जिल्ला बाहिर नजाने!

## रेस्टुरेन्ट प्रयोग गर्दा

⚠ अनुरोध गरिए अनुसारका उपायहरू नअपनाइएका खानपिनका व्यवसायहरू (रेस्टुरेन्ट आदि) प्रयोग नगर्ने

⚠ कम संख्यामा, छोटो समय


## आधारभूत संक्रमण रोकथाम तथा नियन्त्रणका उपायहरू


भ्याक्सिन पछि पनि

मास्क लगाउने  हात धुने  सान मिचु (3C) अवस्थाहरूबाट टाढा रहने

बाहिर जानुपर्ने अवस्थामा पनि सकेसम्म परिवार वा सामान्यतया सँगै हुने (सँगै गतिविधि गर्ने) साथीहरूसँग कम संख्यामा जाने। भिड नभएको ठाउँ र  भिड नहुने समयमा गर्नुपर्ने कुराहरू गर्ने


**【सम्पूर्ण खानपिनका व्यवसायहरू (रेस्टुरेन्ट आदि) लाई अनुरोध】**




अनुरोधको पालना गर्ने खानपिनका व्यवसायहरू (रेस्टुरेन्ट आदि) लाई सहयोग रकम  भुक्तानी गरिनेछ। बिक्री रकम  अनुसार प्रति दिन 40 हजार～1 लाख येन सहयोग गरिनेछ। विगतमा सहयोग रकम  प्राप्त गरेको रेकर्ड भएका खानपिनका व्यवसायहरू (रेस्टुरेन्ट आदि) लाई सहयोग रकमको एक  अंशको रूपमा 6 लाख 40 हजार येन (40 हजार×16 दिन) अग्रिम अनुदान प्रदान गरिनेछ। साथै मदिराजन्य पदार्थ प्रदान गर्न रोकी व्यापार बन्द अथवा व्यापार खुला राख्ने समय  छोट्ट्याउने खानपिनका व्यवसायहरू (रेस्टुरेन्ट आदि) लाई भाडा सहयोग रकम  पनि प्रदान गरिनेछ। (मासिक भाडाको 2/3　अधिकतम 2 लाख येन)

## मासिक सहयोग रकम




मदिराजन्य पदार्थ प्रदान गर्न रोक्नाले असर पर्ने मदिराजन्य पदार्थ बिक्री गर्ने व्यापारव्यवसाय सञ्चालकहरूलाई जापान सरकारको मासिक सहयोग रकममा रकम थप गरी वा विशेष अनुदान सहयोग गरिनेछ। जापान सरकारको मासिक सहयोग रकमको दायरामा नपर्ने साना तथा मध्यम स्तरका कम्पनीहरूलाई पनि जिल्ला आफैले व्यापक रूपमा सहयोग गर्नेछ। यी "फुकुओका जिल्ला साना तथा मध्यम स्तरका कम्पनीहरू आदिलाई मासिक सहयोग रकम " को बारेमा अगस्टको सहयोगका साथै सेप्टेम्बरको रकम पनि प्रदान गरिनेछ।

### 【ग्राहक जम्मा हुने सुविधालाई अनुरोध】

**ग्राहक जम्मा हुने सुविधा (1000㎡ भन्दा ठूलो) लाई अनुरोध**

**खुला राख्ने समय 20:00 बजेसम्म**

(दैनिक उपभोग्य वस्तु र सेवा भने अनुरोधको दायरामा पर्दैन)

- **ठूला खुद्रा पसल, घरेलु विद्युतीय उपकरण बिक्री गर्ने ठूला पसलहरू, सपिङ सेन्टर, डिपार्टमेन्ट स्टोर आदि**
- **पाचिन्को पसल, गेम सेन्टर आदि**
- **पब्लिक बाथ, एस्थेटिक सलोन आदि**

ネパール語（NP）

### ग्राहक जम्मा हुने सुविधा (1000㎡ भन्दा ठूलो) लाई अनुरोध

**सीमित मान्छेको संख्या, खुला राख्ने समय 20:00 बजेसम्म**
**इभेन्ट आयोजना समय 21:00 बजेसम्म**

- थिएटर, सिनेमा हल, प्रदर्शनालय आदि
- व्यायामशाला, सुइमिङ पुल, टेनिस कोर्ट, बलिङ सुविधा, गल्फ कोर्स आदि
- स्पोर्टस क्लब, हट योगा, योगा स्टुडियो

### ठूला व्यापारिक सुविधालाई अनुरोध

**ग्राहकहरूको व्यवस्थापन तथा मार्गदर्शन गर्ने!**

डिपार्टमेन्ट स्टोरको खाद्य सामग्री बिक्री स्थलहरू आदिको ग्राहक संख्या, व्यस्त समयको आधा गर्ने

विशेष गरी बार्गेन वा टाइम सेल जस्ता भिडको अनुमान गरिने गतिविधिहरू गर्दा, नियन्त्रण तथा रोकथामका पर्याप्त उपायहरू अपनाउनुहोस्। संक्रमणको उच्च जोखिम हुने भनेर मानिने डिपार्टमेन्ट स्टोरको अन्डरग्राउन्डको खाद्य सामग्री बिक्री स्थलहरूमा, व्यस्त समयमा ग्राहकको संख्या आधा वा सोभन्दा कम हुने गरी, ग्राहकको व्यवस्थापन आदि गर्नुहोस्।

ネパール語（NP）

**ठूलठूला सुविधा तथा भाडावाल सहायता**
**【फुकुओका प्रान्त सङ्क्रमण फैलावट रोकथाम सहयोग रकम】**

प्रतिदिनको भुक्तानी रकम × आग्रह स्विकारेकोले घटेको व्यापार समय /सामान्य व्यापार समय

| प्रतिदिनको भुक्तानी रकम | ठूलठूला सुविधा | भाडावाल |
|---|---|---|
| | प्रति 1,000㎡ को लागि 2 लाख येन | भाडावाल प्रति 100㎡ को लागि 20 हजार येन |

व्यापार समय छोट्ट्याउन गरिएको अनुरोधको पालना गर्ने ग्राहक जम्मा हुने सुविधा तथा त्यस्ता सुविधाहरूमा कोठा आदि भाडामा लिनेलाई सहयोग रकम भुक्तानी गरिनेछ।

**【समारोह (इभेन्ट) मा गर्नुपर्ने कुराहरू】**

**इभेन्ट**

- मदिराजन्य पदार्थ प्रदान गर्न नपाइने
- आयोजना 21:00 बजेसम्म

**अधिकतम मान्छेको संख्या 5,000 जना का साथै अट्ने दरको 50%**

अहिलेको लागि अगस्ट 31 तारिखसम्म गरिनेछ र सेप्टेम्बर पछिको सन्दर्भमा, जापान सरकारको सूचनाको आधारमा पुनः जानकारी गराइनेछ।

ネパール語（NP）

**【व्यापारव्यवसाय सञ्चालकहरूलाई अनुरोध】**

## कार्यस्थलमा काम गर्न जाने आदि

कार्यस्थलमा आउने कामदारको सङ्ख्या 70% घटाउने

- पूर्ण रूपमा रिमोट वर्क गर्ने
- आराम गर्ने कोठा, लुगा फेर्ने कोठा, चुरोट पिउने कोठामा पनिसङ्क्रमण रोकथाम उपायहरू पूर्ण रूपले पालना गर्ने
- पूर्ण रूपमा कर्मचारीको स्वास्थ्य स्थितिको व्यवस्थापन गर्ने

(एन्टीजिनको साधारण टेस्ट किट आदिको उपयोग, ज्वरो आएको बेला कार्यस्थलमा नजाने आदि)

सम्पूर्ण व्यापारव्यवसाय सञ्चालकहरूले कार्यस्थलमा आउने कर्मचारीको संख्या 70% घटाउने लक्ष्य राख्नुहोस्।

यो बाहेक निम्न कुराहरू गर्नुहुन अनुरोध गर्दछौं।

・ कामलाई निरन्तरता दिन आवश्यक अवस्थामा बाहेक, 20:00 पछिको काम रोक्ने

・ कर्मचारीहरूलाई कार्यस्थल भित्र र बाहिर, जुनसुकै ठाउँमा पनि पूर्ण रूपमा संक्रमण रोकथाम तथा नियन्त्रणका उपायहरू अपनाउन आवहान गर्ने। विशेष गरी बन्द गर्न गरिएको अनुरोध तथा व्यापार समय छोट्याउन गरिएको अनुरोधको पालना नगरेका खानपिनका व्यवसायहरू (रेस्टुरेन्ट) आदि पटक्कै प्रयोग नगर्न भन्ने

**【विद्यालय आदिले गर्नुपर्ने कुराहरू】**

## विद्यालयहरू आदिलाई अनुरोध

- संक्रमणको उच्च जोखिम भएका गतिविधिहरू (अरूको शरीरमा छुने, ठूलो स्वर) नगर्ने
- अतिरिक्त क्लासहरू र क्लब क्रियाकलापहरू नगर्ने

(यसमा योग्यता प्राप्ति तथा अन्य भविष्य मार्ग (उच्च शिक्षा आदि) को मार्गदर्शनसँग सम्बन्धित कुराहरू, आधिकारिक प्रतियोगिताको सहभागिता र यसको लागि आवश्यक न्यूनतम गतिविधिहरू पर्दैनन्।)

विद्यालयका शैक्षिक गतिविधिहरू गर्दा, कडाइका साथ सान मिचु (3C) अवस्थाहरूबाट टाढा रहने, मास्क लगाउने जस्ता आधारभूत संक्रमण रोकथाम तथा नियन्त्रणका उपायहरू अपनाई, अरूको शरीरमा छुने, ठूलो स्वर निकाल्ने जस्ता संक्रमणको उच्च जोखिम भएका गतिविधिहरू नगर्न अनुरोध गर्दछौं।


## 【चिकित्सा सेवा प्रणाली】

हिजोदेखि सुरु गरिएको, स्थिति गम्भीर हुने जोखिम भएका भर्ना भएका व्यक्तिहरूलाई न्यूट्रलाइजिङ एन्टीबडीको औषधि दिने कार्य (अर्थात्"एन्टीबडी ककटेल थेरापी") लाई अघि बढाई, स्थिति गम्भीर हुनबाट रोकी, गम्भीर बिरामीको बेडको चापलाई रोक्नेछौं।

आफ्नै घरमा स्वास्थ्यलाभको लागि आराम गर्ने सम्पूर्ण व्यक्तिहरूलाई पल्स अक्सिमिटर प्रयोग गर्नको लागि दिई, कडाइका साथ स्वास्थ्य अवलोकन गरिनेछ। साथै सोमबारदेखि शुक्रबार स्वास्थ्य केन्द्रमा सेवा प्रदान गरिनेछ तर राती वा बिदाको दिन ज्वरो आदिको परामर्श, "बिदा तथा रातीको लागि तोकिएको डायल" मा तुरुन्तै आवश्यक कुराहरू गरिनेछ।

यी बाहेक पनि, हामीहरूले एक्लै बस्ने आदिको कारण खाद्य सामग्री जुटाउन कठिन हुने व्यक्तिहरूलाई निःशुल्क तयारी खाद्य सामग्री आदि वितरण गरिरहेका छौं।

## 【अक्सिजन दिइने स्टेसन】




यो बाहेक अगस्ट अन्त्य तिर नयाँ "अक्सिजन दिइने स्टेसन" को स्थापना गरिनेछ। लक्षण खराब भई  अस्पतालमा भर्ना गर्नुपर्ने अवस्था आएका आफ्नै घरमा पर्खेर बसेका व्यक्तिहरू आदिलाई, अक्सिजन दिइने जस्ता उपायहरू (सामान्यतया चौबिसै घण्टा) अपनाइने अक्सिजन दिइने स्टेसनको स्थापना गरिनेछ।

ネパール語（NP）

स्वास्थ्य केन्द्र तथा अग्निनियन्त्रण विभागको अनुरोधमा स्टेसनले बिरामीलाई राखी, भर्ना गर्ने अस्पतालमा व्यवस्था नभएसम्मको अवधि, बिरामीलाई अक्सिजन दिने, आवश्यकता अनुसार औषधि दिने जस्ता उपयाहरू अपनाइनेछ।

हाल, संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) को बिरामीलाई राख्ने स्वास्थ्य संस्थाहरू मध्येको अक्सिजन उपकरण र स्टेसनको स्थापना गर्न मिल्ने ठाउँ भएको स्वास्थ्य संस्थामा स्थापना गर्ने गरी तयारी भइरहेको छ र अगस्ट अन्त्य तिर खुला गर्ने योजना छ।

सम्पूर्ण जिल्लावासी र व्यापारव्यवसाय सञ्चालकहरू मिलेर संक्रमणलाई नियन्त्रणमा राखौं।